# डुडुवाको विषयगत समितिद्धारा बजेट विनियोजन कार्यन्वयनका लागि सिफारिस

डुडुवा (बाँके), २० असार । डुडुवा गाउँपालिकाले नयाँ आर्थिक वर्ष ०७५÷०७६ को बजेटका लागि विषयगत    समितिबाट विकास बजेटतर्फको रकम विनियोजन गरि सिफारिस गरेको छ ।

विभिन्न ६ वटा विषयगत समितिहरुको छुट्टाछुट्टै आज बुधबार बसेको बैठकले रु ९ करोड २८ लाख ३२ हजारको प्रस्तावित बजेट विनियोजन गरेको हो । त्यस अन्तगत पुर्वाधार विकासतर्फ रु करोड २० लाख ३२ हजार, आर्थिक विकासतर्फ रु १ करोड ५० लाख, सामाजिक विकासतर्फ रु २ करोड ३८ लाख, संस्थागत विकास तथा सेवा प्रवाहतर्फ रु ६० लाख, वातावरण तथा विपत व्यवस्थापनतर्फ रु ५० लाख, वित्तिय सुशासनतर्फ रु १० लाख बजेज विनियोजन गरिएको हो ।

समितिले समुदायस्तरमा वडा भेला गरि प्राथमिकताका आधारमा योजना तथा कार्यक्रम छनौट गरि सोही आधारमा बजेट विनियोजन गरिएको गाउँपालिका अध्यक्ष नरेन्द्रकुमार चौधरीले बताउनुभयो । उहाँका अनुसार आज छानिएका विषयगत योजनालाई शिर्षक अनुरुप बजेट बाडफाड गरि गाउँसभाबाट पारित गराइनेछ ।

गाउँपालिकाको नयाँ आर्थिक वर्षका लागि संघिय र प्रदेश सरकारबाट प्राप्त कुल बजेट रु २४ करोड ५ लाख ७८ हजार रहेको छ । जस अनुसार चालुतर्फ रु ३ करोड ८८ लाख, सम्पुरकतर्फ रु ३ करोड, ससर्ततर्फ रु ७ करोड ३१ लाख, विकासतर्फ रु ८ करोड र प्रदेश सरकारबाट अनुदान रु १ करोड ८६ लाख ७८ हजार रहेको छ ।